

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०४९, ९८५६०२२३३३, ९८४६९४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३०५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर १८ गते आइतबार ❑ 4 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## स्याङ्जा-२ मा कांग्रेसका गुरुङ निर्वाचित

पोखरापत्र संवाददाता
स्याङ्जा, १७ मंसिर

स्याङ्जा-२ को प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य पदमा नेपाली कांग्रेसका उम्मेदवारहरु विजयी हुनुभएको छ ।

प्रतिनिधिसभातर्फ कांग्रेसका उम्मेदवार केन्द्रीय उपसभापति धनराज गुरुङ पाँच हजार छ सय २७ मतान्तरसहित विजयी हुनुभएको निर्वाचन अधिकृत रामचन्द्र शर्माले जानकारी दिनुभयो । उहाँले ३१ हजार चार सय ६६ मत प्राप्त गर्नुभएको छ । उहाँको प्रतिस्पर्धी नेकपा एमालेका उम्मेदवार पद्मकुमारी अर्यालले २५ हजार आठ सय ३९ मत प्राप्त गर्नुभएको छ ।

यो क्षेत्रबाट २०७४ सालमा एमालेबाट अर्याल नै निर्वाचित भएकी थिइन । ०७४ मा बाम गठबन्धनबाट उम्मेदवार भएकी अर्यालले कांग्रेसका उम्मेदवार गोपालमान श्रेष्ठलाई झन्डै ३६ सय मतान्तरले पराजित गरेकी थिइन । तर यसपटक गोपालमानले प्रत्यक्ष चुनाव लडेन भने धनराज सोही क्षेत्रमा उम्मेदवार बने । राष्ट्रिय स्वतन्त्र पार्टीका टिकराज गुरुङले आठ हजार एक सय १३ मत प्राप्त गर्नुभएको छ । स्याङ्जा २ अन्तर्गतको दुबै प्रदेश सभा निर्वाचन क्षेत्रमा कांग्रेसकै उम्मेदवार निर्वाचित भएका छन् । स्याङ्जा-२ (२) मा नेपाली कांग्रेसका उम्मेदवार महेश भट्टराई विजयी हुनुभएको छ । भट्टराईले १८ हजार सात सय ८८ मत प्राप्त गर्दा एमाले उम्मेदवार बुद्धिमान श्रेष्ठले १७ हजार दुई मत प्राप्त गर्नुभएको छ । उहाँले एक हजार सात सय ८६ मतान्तर विजयी हुनुभएको छ । ४ मंसिरमा भएको मतदानका क्रममा नेपाली कांग्रेसले केही मतदान केन्द्रमा बुथ कब्जा गरेको भन्दै नेकपा एमालेले पुनः मतदानको माग गर्दै निर्वाचन आयोगमा निवेदन दिएको थियो । निर्वाचन आयोगले १४ मंसिरमा पुनः मतदान नगर्ने निर्णय गर्यो । त्यसपछि मतगणना सुरु भएको थियो ।



## अपाङ्ग दिवसको अवसरमा विपी चोकमा दिप प्रज्वलन

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर

नेपाली कांग्रेस कास्कीको अपाङ्ग समन्वय शाखाले विपी चोकमा दिप प्रज्वलन गरि अपाङ्ग दिवस मनाएको छ ।

३१ औं अन्तराष्ट्रिय अपाङ्ग दिवसको अवसरमा राखिएको दिप प्रज्वलन कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले मैनबत्ति बाली कार्यक्रमको उद्घाटन गरेका थिए । कार्यक्रममा बोल्दै शर्माले यो धर्तिमा पूर्ण भएर कोही पनि नजन्मने जानकारी गराएका थिए । उनले भने "यो धर्तिमा जन्मने जो कोही पनि अपूर्ण भएर जन्मन्छ, हामी सबै जन्मजात नै अपाङ्ग छौं । राष्ट्र निर्माणमा सबैको उत्तिकै दायित्व रहन्छ, यो वा त्यो वाहानामा कसैलाई पनि ईर्ष्या गर्ने, कमजोर ठान्ने अधिकार कसैको रहदैन ।" राष्ट्रियता प्रजातन्त्र र समाजवादको रक्षाको लागि सम्पूर्ण फरक क्षमता भएका नागरिकको पनि उत्तिकै योगदान रहने भएको हुँदा सँग सँगै हातेमालो गरेर राष्ट्र विकासमा अगाडि बढ्नुपर्ने बताउँदै सभापति शर्माले, "अन्तराष्ट्रिय स्तरमानै फरक क्षमता भएका मानिसहरुले अवसर पाएमा विश्व किर्तिमान राखेको उदाहरणहरु छन् । उनीहरुलाई अवसरको खाँचो छ, राज्यले फरक क्षमता भएका आम नागरिकको प्रतिभाको कदर गर्दै राज्यले सम्मान गरि मनोभावना उच्च बनाउन विशेष योजना तर्जुमा गर्नु आवश्यक छ।" त्यसैगरी प्रजातन्त्र विना राष्ट्रको विकासको कल्पना समेत नहुने र विपी कोइरालाले प्रजातन्त्र विना राष्ट्रको विकास नहुने स्मरण गराउँदै अरुपार्टी र नेपाली कांग्रेसको फरक भनेको प्रजातान्त्रिक सोँच हो, उनले भने, मानिस जन्मनु भन्दा अगाडिबाट नै पाउने अधिकार भनेको प्रजातन्त्र रहेको र उमेर पुगेर नागरिकता लिएपछि पाउने अधिकार भनेको लोकतन्त्र भएको प्रष्ट पार्दै समृद्ध राष्ट्र निर्माणमा प्रजातन्त्र विना असम्भव रहेको सभापति शर्माले उक्त कार्यक्रममा बताएका थिए ।



अपाङ्गता अधिकार प्रवर्द्धनका लागि दिप प्रज्वलन कार्यक्रममा नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रवक्ता माधवप्रसाद बास्तोला (मधु), गण्डकी प्रदेश सदस्य तथा सूचना सञ्चार तथा प्रचार प्रसार विभाग उपप्रमुख शिरोमणी बराल, मुख्य सचिव पदम श्रेष्ठ, पोखरा महानगरपालिका वडा नं. ११ का वडाध्यक्ष प्रेम प्रसाद कर्माचार्य, केन्द्रीय महाधिवेशन प्रतिनिधि तथा कास्की जिल्ला सदस्य मोहन प्रधान, जिल्ला सदस्य विष्णु कार्की, क्षेत्रिय सदस्य विष्णु सिग्देल र प्रदेश प्रतिनिधि टंकप्रसाद बास्तोला लगायतको उपस्थिति रहेको थियो ।

नेपाली कांग्रेस कास्की जिल्लाका पूर्व सदस्य प्रेम परियारले सञ्चालन गरेको उक्त कार्यक्रम जिल्ला सदस्य तथा कार्यक्रम संयोजक अर्पण कोइरालाको अध्यक्षतामा समापन भएको थियो ।

## घाटा पूर्ति गर्न आयल निगमले घटाएन पेट्रोलियम पदार्थको मूल्य

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर

भारतबाट पेट्रोलियम पदार्थको मूल्य घटेर आए पनि नेपाल आयल निगमले मूल्य नघटाउने जनाएको छ । निगम हाल रु २७ अर्ब घाटामा रहेकाले मूल्य समायोजन नगर्ने भएको हो ।

निगमले शुक्रबार एक विज्ञप्ति जारी गर्दै अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पेट्रोलियम पदार्थको मूल्यमा आएको उतारचढावले विगत लामो समयदेखि नोक्सानीमा सञ्चालन हुँदै आएको उल्लेख गरेको छ । इन्डियन आयल कर्पोरेशन लिमिटेडबाट यही १५ मङ्सिरमा प्राप्त खरिद मूल्यअनुसार एलपी ग्यासको मूल्य केही बढेको छ भने पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टितेलमा केही घटेर आएको छ ।

"मङ्सिर १५ गते पाएको खरिद मूल्यसूचीबमोजिम एलपी ग्यासमा प्रतिसिलिण्डर रु ४३.९३ ले बढेर आएको छ । एलपी ग्यासमा निगमलाई हाल प्रतिसिलिन्डर रु दुई सय ७७.०२ घाटा भइरहेको छ", विज्ञप्तिमा भनिएको छ, "निगमले इन्डियन आयल कर्पोरेशनलाई हालसम्म तिर्न बाँकी रकम, पुरानो बक्यौता तथा नेपाल सरकारलाई तिर्नुपर्ने ऋणसमेत गरी करिब रु २७ अर्ब तिर्न बाँकी छ ।" ग्यास सिलिन्डर बिक्रीबाट मात्र निगमलाई १५ दिनमा रु ३६ करोड ८५ लाख घाटा हुने देखिएको निगमले जनाएको छ । यद्यपि पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टितेलमा मूल्य घट्दा पनि यथावत् राख्दा १५ दिनमा करिब रु ५८ करोड नाफा हुने निगमले जनाएको छ ।

"हाल अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पदार्थको मूल्य पुनःघटबढ हुने क्रममा रहेको अवस्थामा पेट्रोलियम पदार्थको आपूर्ति सञ्चालन राख्न र इन्डियन आयल कर्पोरेशन लिमिटेडको बक्यौता एवं सरकारलाई उपलब्ध गराएको ऋणको व्यवस्थापन गर्न निगमलाई चुनौती रहेकाले हाललाई पेट्रोलियम पदार्थको खुद्रा मूल्य यथावत राखिएको छ", विज्ञप्तिमा भनिएको छ ।

## समानुपातिकतर्फ एक करोड चार लाख मत गनियो

रासस
काठमाडौं, १७ मंसिर

प्रतिनिधिसभा र प्रदेशसभाको समानुपातिकतर्फको मतगणना जारी छ ।

निर्वाचन आयोगका अनुसार हालसम्म कूल एक करोड चार लाख १८ हजार आठ सय ३४ मत गणना भएको छ । हालसम्मको विवरणअनुसार


बाँकी अन्तिम पृष्ठमा ▶▶


## 'जनसेवक हुँ, जनताको घरआँगन पुगिरहने छु'-पहारी

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर

संघीय तथा प्रदेश निर्वाचनका नतिजाहरु लगभग आइसकेका छन् । धेरै स्थानका नतिजा सार्वजनिक भएसँगै अब कस्तो सरकार बन्ला भन्नेतर्फ आम नागरिकको जिज्ञासा बढ्दै गएको छ ।

निर्वाचनमा विजयी बनेका उमेदवारहरु विजय जुलुससँगै पुनःधन्यवाद ज्ञापन गर्नका लागि मतदाताको घर टोलमा पुग थालेका छन् । तर निर्वाचनमा पराजित भएका एक उमेदवार पराजयका



बावजुद मतदातालाई भेटन गाउँ फर्किएका छन् । उनी हुन्-गण्डकी प्रदेशका निवर्तमान सांसद राजीव पहारी । पहारी शुक्रबार पोखरा-२४, गुण्टेचौर पुगे । त्यहाँका अग्रज बुवाआमासंग भेटघाट


बाँकी अन्तिम पृष्ठमा ▶▶


## हिंसा सहेर बस्न नहुने, हिंसाको प्रतिकार गर्नुपर्नेमा जोड

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर

हिंसा सहेर बस्न नहुने, हिंसाको प्रतिकार गर्नुपर्ने शनिवार पोखरामा आयोजित एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् ।

सञ्चारिका समूह गण्डकी प्रदेशको आयोजना तथा लायन्स क्लब अफ पोखरा स्मार्ट टाउन र लायन्स क्लब अफ पोखरा गण्डकी प्रदेश अन्तरध्वनी नेपालको सहकार्यमा "सभ्य समाजको पहिचान, लैङ्गिक हिंसा विरुद्धको अभियान" १६ दिने लैङ्गिक हिंसा विरुद्धको अभियान अन्तर्गत लैङ्गिक विभेद र मनोसामाजिक असरको सम्बन्ध विषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरुले कसैले हिंसा गरेमा नो र नाई भनेर प्रतिकार गर्नुपर्ने बताएका हुन् । कार्यक्रममा मनोसामाजिक असरको विषयमा आफ्नो प्रस्तुती राख्दै अन्तरध्वनी नेपालका अध्यक्ष जमुना शर्माले





मानसिक स्वास्थ्यमा सबैको अधिकार हुने बताउनुभयो ।

नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष पुण्य पौडेलले समाज परिवर्तन हुदै गएको अवस्थामा हामी पनि परिवर्तन हुन आवश्यक रहेको बताउनुभयो । उहाँले हरेक घरमा हिंसा हुने भएकोले परिवर्तनको लागि आफ्नै घरबाट सुरुवात गर्नुपर्नेमा उहाँको जोड थियो । नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य सरिता तिमिल्सनाले आवाजविहिनहरुको आवाज उठाउने महिला पत्रकारहरु पनि हिंसामा पर्ने गरेको बताउनुभयो । ८८ प्रतिशत पत्रकार महिलाहरुलाई अनलाइनबाट हिंसा हुने उहाँले सो अवसरमा जनाउनुभएको थियो । अझै पनि लैङ्गिक समानतामुलक समाजका लागि हाम्रो आन्दोलन नसकिएकोले अब जुझारु रुपमा लाग्नुपर्ने तिमिल्सिनाले उल्लेख गर्नुभयो । छोरीलाई शिक्षा दिएर सक्षम बनाउन सक्यौ भने हिंसा कम गर्न मद्धत पुग्नेमा उहाँको जोड थियो । सञ्चारिका समूह गण्डकी प्रदेशका अध्यक्ष कविता श्रेष्ठले कार्यक्रमको आचित्यमाथि प्रकाश पार्दै अब हामी हिंसा नसहने र हिंसा गरेको टुलुटुलु हेर पनि नस्वने बताउनुभयो । उहाँले अब महिला हिंसाको प्रतिकार गर्न सक्षम रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका निवर्तमान अध्यक्ष दिपेन्द्र श्रेष्ठ, पोखरा नर्सिङ्ग क्याम्पसका निशा श्रेष्ठ, दलित महिला संघ फेडोका अध्यक्ष सुमित्रा गायक, दलित महिला संघ कास्कीका प्रमुख ईश्वर विक, नेपाल टेलिभजनका पोखराका संवाददाता पत्रकार पुरुषोत्तम शर्मा, नेष्डो गण्डकीका सुर्यप्रसाद भट्टराई लगायतले बोल्नुभएको थियो ।

सञ्चारिका समूह गण्डकी प्रदेशका अध्यक्ष कविता श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत लायन्स क्लब अफ पोखरा स्मार्ट टाउनका अध्यक्ष लक्ष्मी अधिकारीले र सञ्चालन सञ्चारिका समूह गण्डकी प्रदेशका कार्यसमिति सदस्य जुना थापाले गर्नुभएको थियो ।




# राष्ट्रिय औद्योगिक व्यापार मेलामा महावीर पुन

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर




राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले सरकारको काम रोजगारी सिर्जना गर्नु नभएको भताएका छन् । उनले सरकारको काम व्यवसाय संचालनको वातावरण सिर्जना गर्नुमात्र रहेको जिकिर गरे । व्यवसाय संचालनमा आए स्वतः रोजगारी सिर्जना हुने उनको भनाइ थियो । 'अहिलेको चुनावमा पार्टीहरूले के घोषणा गरे भने आफ्नो घोषणापत्रमा पाँच वर्षको कार्यकालमा चुनाव जितेर हाम्रो सरकार बन्यो भने १० लाख, २० लाख, १५ लाख रोजगारी सिर्जना गर्छौं,' पुनले भने,' जुन कुरा गलत हो । सरकारले कुनै पनि देशमा कहिल्यै पनि रोजगारी सिर्जना गर्दैन ।'

पुन पोखरा उद्योग वाणिज्य संघको आयोजनामा पोखराको नयाँबजारमा जारी 'समृद्धि स्टिल्स राष्ट्रिय औद्योगिक व्यापार मेला २०७९ ' अन्तर्गत आयोजना गरिएको 'सम्भव छ-स्वदेशी सीपबाट समृद्धिको यात्रा' विषयमा केन्द्रीत रहेर पत्रकार केशवशरण लामिछानेसँग गफिँदै थिए । उनले सरकारले जागिर दिएर विदेश जानबाट मुक्ति मिल्ने नागरिकको सोच पनि गलत भएको तर्क गरे । 'रोजगारी सिर्जना गर्ने उद्योगधन्दा र व्यवसायले हो', उनले भने, 'कुनै कारखाना खोल्यो भने २०, ५०, २०० कामदार चाहिन्छ । त्यहाँ रोजगारी सिर्जना भयो ।' उनले उद्योगधन्दा खोल्ने वातावरण निर्माण,नियम-कानून बनाउने र लगानीकर्तालाई प्रोत्साहित गर्नु राज्यको दायित्व भएको बताए । लगानीको वातावरण निर्माण भए लगानीकर्ताहरुले खुसीका साथ उद्योगधन्दा खोल्ने जिकिर गर्दै उनले व्यावसायिक सम्भावना भएका क्षेत्रमा मात्र लगानी गरिनुपर्नेमा जोड दिए । कलेजमा पढाएर पढाएर व्यवसायी उत्पादन नहुने तर्क गर्दै उनले भने,' कलेजमा पढाएर हामीले व्यवसायी उत्पादन गर्छौं ठान्छन् । कलेजमा युनिभर्सिटीमा पढेर केही आइडिया लिने बेग्लै कुरा हो । व्यवसायीमा सिर्जनशीलता हुनुपर्छ र त्यसलाई अलिकता मलजल चाहिँ गर्नुपर्छ ।' उनले राष्ट्रिय आविष्कार केन्द्रले व्यापारको लागि सामानहरु उत्पादन गर्ने अभियान संचालन गरेको जानकारी पनि दिए ।

बजारमा माग भएका र दैनिक जीवनमा प्रयोग हुने सामग्री निर्माण गर्ने अभियानमा केही सफलता हात लागेको उनको भनाइ थियो । 'विदेशबाट ल्याउँदाभन्दा धेरै सस्तोमा हामीले विभिन्न सामान बनाउन सकिँदोरहेछ',उनले भने,' तपाईंसँग पनि त्यस्ता सामान बनाउने चाहना छ भने हामीसँग हातेमालो गर्न सक्नुहुन्छ ।' गण्डकी विश्वविद्यालयसँगको सहकार्यमा पोखरामै नयाँ र जीवनपयोगी सामग्रीको उत्पादन थालिएको बताउँदै उनले ती सामानहरुको ठूलो उत्पादनको जिम्मेवारी भने अर्कै कम्पनीले लिनुपर्ने बताए ।

बाल्यकालको स्मरणदेखि दुर्गम गाउँमा बेतारे इन्टरनेट सेवा पुर्‍याउने अभियानसम्मको स्मरण सुनाउने क्रममा उनले आफूलाई मुर्खको रुपमा चित्रित गरे । 'नसक्ने काम गर्ने,स्रोत साधन नहुँदा पनि काम आँट्ने मेरो बानी देखेर मान्छेहरुले मलाई मुर्ख भने',उनले थपे,'हो म मुर्ख नै हुँ, २० वर्षअघि पोखरामा भर्खरै इण्टरनेट सुरु भएको बेला गाउँमा बिना तार इण्टरनेट पुर्‍याउँछु भन्नु मुर्खता नै थियो ।' उनले पैसा नै नहुँदा आविष्कार केन्द्र खोल्ने काम पनि मुर्ख्याइँ नै भएको बताए । म्याग्दीको नागीबाट ९ कक्षा पढ्न चितवन पुगेपछिमात्र आफूले चप्पल लगाएको स्मरण गर्दै उनले जीवनलाई सहज बनाउनु नै आफ्नो ध्येय रहेको बताए ।

यसैबीच समृद्धि स्टिल्स राष्ट्रिय औद्योगिक व्यापार मेलामा राखिएका स्टलहरुबाट विशेष छुटमा विभिन्न सामग्रीहरु बिक्री भइरहेको आयोजक पोखरा उद्योग वाणिज्य संघले जनाएको छ । संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीका अनुसार मेलामा रहेका विभिन्न कम्पनीहरुले त्यस्तो छुट दिएका हुन् । टिकट व्यवस्थापन उपसमितिका संयोजक सुदीप ओभ्फाले मेलाको प्रवेश टिकटमा दैनिक पुरस्कारको व्यवस्था गरिएको र मेला समापनमा बम्बर उपहार पनि रहेकाले टिकटको अर्धकट्टी सुरक्षित राख्न अवलोकनकर्तासँग अनुरोध पनि गरे । यता, मेलामा दैनिक आयोजित सांस्कृतिक कार्यक्रमले पनि अवलोकनकर्तालाई थप मनोरञ्जन प्रदान गरिएको सांस्कृतिक व्यवस्थापन उपसमितिकी संयोजक शोभा गौतमले बताइन् । उनका अनुसार शनिबार कलाकारहरु सरस्वती लामिछाने, पूजा गुरुङ, रमेशराज भट्टराई,रामजी पौडेल,नेत्र खड्का, हाँस्यकलाकार रवि डंगोल,पूर्ण थापालगायतका कलाकारले दर्शकलाई मनोरञ्जन दिलाएका थिए । आइतबार रितु कँडेल,लक्ष्मी बानिया, पार्वती गुरुङ, रामजी खाँड,कृष्ण सुवेदी, जगत पौडेल, मिलन पौडेललगायतको प्रस्तुति रहने उनले बताइन् । यसका साथै डान्स आइडल र रत्यौली गीत प्रतियोगिता पनि मेलाको आकर्षण भएको उनको जिकिर छ ।

# के हाउ र दुर्गाङसी आईटीएफ सर्किट-१ को विजेता

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर

ताइपेइका के हाउ हङले पोखरामा सम्पन्न आइटीएफ जे-५ टेनिस प्रतियोगिताको सर्किट-१ मा मेन्स सिंगल्सतर्फ प्रथम स्थान हाँसिल गरेका छन् ।

नेपाल टेनिस संघको सहयोग तथा कास्की जिल्ला टेनिस संघको आयोजनामा शनिबार पोखरा रंगशालामा भएको फाइनल खेलमा ताइपेइकै चेन हुई हो लाई ६-०, ६-१ को सहज सेटमा पराजित गर्दै प्रथम भएका हुन् । महिला एकलतर्फ भारतकी दुर्गाङ्सी कुमारले प्रथम स्थान हाँसिल गरिन् । फाइनलमा उनले भारतकै श्रीनिधी बालाजीलाई ६-४ र ७-६ ले पराजित गरिन् । प्रतियोगिता अन्तर्गत मेन्स डबल्सतर्फ भारतका




सागर कुमार र स्वस्तीक सर्माको जोडीले कोरियाका डोङ योङ युम र मलेसियाका केगन केथ जोनाथन जोडीबाट वाकओभर पाउँदै विजयी बने । त्यस्तै, महिला डबल्सफर्त भारतका श्रीनिधी बालाजी र लक्ष्मीश्री डण्डुको जोडीले प्रथम स्थान हाँसिल गरे । भारतकै काइरा सिद्धार्थ चेत्नानी र दुर्गाङ्सी कुमार जोडीसंगको अन्तिम भेटमा ६-२, ६-२ को सहज जित निकाल्दै प्रथम स्थान ओगटन सफल भएका हुन्

विजयी खेलाडीहरुलाई गण्डकी प्रदेशका युवा तथा खेलकुद मन्त्री राजीव गुरुङ्गले एक समारोहका विच पुरस्कृत गरे । पुरस्कार वितरण समारोहमा बोल्दै समापन समारोहका विशेष अतिथि खेलकुद परिषद् गण्डकीका उपाध्यक्ष ध्वजकुमार गुरुङ्गले टेनिस खेलले गण्डकी प्रदेशकै खेलकुदको सान उँचो पारेको बताए । यहाँ आयोजना हुने अर्न्तराष्ट्रिय तथा राष्ट्रिय प्रतियोगिताहरुले खेलसंगै पर्यटन प्रवर्द्धनमा पनि महत्वपूर्ण योगदान पुर्‍याएको उनले बताए । संघ कास्कीका अध्यक्ष लोक गुरुङ्गको अध्यक्षतामा भएको पुरस्कार वितरण समारोह उपाध्यक्ष नविन चालिसेले सञ्चालन गरेका थिए । एक सातादेखि सञ्चालित प्रतियोगितामा विभिन्न ९ राष्ट्रका ९८ खेलाडीले सहभागिता जनाएका थिए ।

## समानुपातिकतर्फ...

नेकपा (एमाले)ले २७ लाख ८७ हजार सात सय ५९, नेपाली कांग्रेसले २६ लाख ५९ लाख आठ सय ७८, नेकपा( माओवादी केन्द्र)ले ११ लाख ६२ हजार ५१ मत प्राप्त गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले ११ लाख २४ हजार तीन सय ९०, राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ८६ हजार पाँच सय ९७, जनता समाजवादी पार्टीले चार लाख २० हजार नौ सय ४६, जनमत पार्टीले तीन लाख ९४ हजार पाँच सय १३ मत प्राप्त गरेको छ । कूल खसेको सदर मतको तीन प्रतिशतभन्दा बढी मत पाउने राजनीतिक दलले राष्ट्रिय दलको मान्यता पाउने कानूनी प्रबन्ध छ ।

नेकपा(एकीकृत समाजवादी)ले दुई लाख ९४ हजार तीन सय ५७, नागरिक उन्मुक्ति पार्टीले दुई लाख ७१ हजार छ सय ६१, लोकतान्त्रिक समाजवादी पार्टीले एक लाख ६७ हजार दुई सय ८१, नेपाल मजदुर किसान पार्टीले ७५ हजार ५६, हाम्रो नेपाली पार्टीले ५५ हजार छ सय १४, मङ्गोल नेशनल अर्गनाइजेशनले ४८ हजार सात सय ८५ र राष्ट्रिय जनमोर्चाले ४६ हजार तीन सय ८१ मत प्राप्त गरेको छ ।

देशभरका अन्य स्थानको मतगणना अन्तिम चरणमा पुगेको छ । दोलखा, बाजुरा र स्याङजाको मतगणना भने जारी रहेको आयोगले जनाएको छ ।

# लेखनाथ महोत्सव पुसको पहिलो सातादेखि हुने

पोखरापत्र संवाददाता
लेखनाथ, १७ मंसिर

हरेक वर्ष जस्तै मेला तथा महोत्सव गर्दै ख्याती कमाएको लेखनाथ उद्योग वाणिज्य संघले पुसको पहिलो साता देखि १८ औं संस्करणको लेखनाथ महोत्सव गर्ने भएको छ ।

पहिलो चरणमा तयारीका बारेमा जानकारी दिने उद्धेश्यले शनिवार आयोजित पत्रकार सम्मेलनमा संघले पुसको ७ गते देखि १८ गते सम्म पोखरा २७ को तालचोकमा १८ औं संस्करणको लेखनाथ महोत्सव गर्न लागेको जानकारी गराईएको हो ।

कार्यक्रममा संघका अध्यक्ष एवं महोत्सवका मूल संयोजक छत्रधर आत्रेयले लेखनाथ उद्योग वाणिज्य संघले २०५८ साल देखि सुन्तला प्रर्दशनीबाट सुरु गरेको महोत्सवलाई समयानुकुल परिस्कृत र परिमार्जन गर्दै २०६१ साल देखि वार्षिक रुपमा लेखनाथ महोत्सब गर्दै आएको बताए । लेखनाथमा पर्यटकिय क्षेत्रको विकास गर्न सम्बन्धित निकायसँग समन्वय गरी कार्यशाला गोष्ठि गर्ने आत्रेयले जानकारी दिए । पत्रकारहरुले सोधेका प्रश्नहरुको उत्तर दिँदै आत्रेयले घरेलु उत्पादनका सामग्रीहरुको प्रर्दशनी गरी उद्यमी व्यवसायीहरुको प्रवर्द्धन गर्ने बताए । साथै उनले लेखनाथ महोत्सब मनोञ्जनात्मक पक्षबाट मात्र नभै उपलब्धिमुलक रुपमा आयोजना गरिएको स्पष्ट पारे । 'महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन, विकास र सम्बृद्धि' भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको महोत्सवमा ३३७ स्टल रहने र २ लाख ५० हजार दर्शकले महोत्सवको अवलोकन गर्ने अपेक्षा गरिएको मेला प्रचार प्रसार व्यवस्थापन उपसमिति संयोजक तथा संघका प्रथम उपाध्यक्ष राजेन्द्र ओभ्फाले जानकारी दिएका थिए । साथै ओभ्फाले राष्ट्रिय तथा अर्न्तराष्ट्रिय मुलुकहरुमा उत्पादित औद्योगिक एवमं दैनिक उपभोग्य बस्तु तथा सेवाहरुको प्रवर्द्धन गर्दै कोभिड १९ तथा रुस युक्रेन युद्ध जस्ता कारणले थला परेको अर्थतन्त्रलाई चलायमान बनाउनु नै १८ औं संस्करणको लेखनाथ महोत्सवको मूख्य उद्धेश्य रहेको बताए ।

महोत्सवमा १० करोड बरावरको आर्थिक कारोवार हुने अनुमान गरिएको छ । महोत्सवमा ९५ लाख आम्दानी हुने र ८५ लाख खर्च भै १० लाख बचत हुने बताईएको छ । बचत रकमबाट प्रदर्शनी स्थल र संघको भवनको स्तरोन्नती, औद्योगिक क्षेत्रको निर्माणका लागि पहल एवम् सहयोग, कवि शिरोमणी लेखनाथ पौडयालको जन्मस्थल विकास र बेगनासताल, रुपाताल लगायतका पर्यटकिय स्थलहरुको प्रवर्द्धनको क्षेत्रमा खर्च गरिने योजना रहेको छ । महोत्सवले देशको अर्थतन्त्रलाई चलायमान बनाउदै उत्पादक र उपभोक्तालाई एउटै थलोमा जमघट गरि यस क्षेत्रको आर्थिक गतिविधि बढाउन, औद्योगिक उत्पादन, लघु घरेलु तथा साना उद्योगहरुको प्रर्वद्धन, आवश्यक ज्ञान, सीप, उद्यमशिलता र प्रविधि हस्तान्तरण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुलुकमा उत्पादित उपभोग्य वस्तु तथा सेवाहरुको प्रर्वद्वन, जातिय, भेषभुषा, कला संस्कृति, रितिरिवाजको जगेर्ना गर्ने, आन्तरिक एंव बाह्य पर्यटक आकर्षण गरि आन्तरिक पर्यटनलाई सहयोग पुर्‍याउने लक्ष्य लिएको छ ।

महोत्सवमा साहित्य, महिला विशेष, विद्यालयस्तरीय, सांस्कृतिक, आदिवासी, जनजाति विशेष कार्यक्रम, जैविक विविधता, कृषि तथा पशुपंक्षी प्रर्दशनी, सुचना प्रविधि, शैक्षिक प्रर्दशनी, हस्तकला, जातजातिहरुको सम्मानमा लोप हुन लागेका रितिरिवाज तथा संस्कृति झल्काउने उत्कृष्ट नृत्य प्रर्दशनी रहने छन । महोत्सवमा ख्याति प्राप्त हास्य व्यंग्य कलाकारहरुको दैनिक प्रस्तुति, बाल उद्यान, खाना महोत्सव, राष्ट्रिय लोक दोहोरी गीत, लाइभ म्युजिक कन्सर्ट थप आर्कषणका रुपमा रहने छन । कार्यक्रममा ईलाका प्रशासन कार्यालय लेखनाथका प्रमुख कमलराज भण्डारी, पोखरा महानगरपालिका वडा नं.२६ का वडाअध्यक्ष नरेन्द्र थापा, पत्रकार महासंघ कास्कीकी अध्यक्ष बिमला भण्डारीले लेखनाथ महोत्सबले लेखनाथ क्षेत्रको पहिचान बोकेको बताउँदै आगामी दिनमा महोत्सवलाई समय सापेक्ष अनुसार परिस्कृत गर्दै महोत्सव सञ्चालन गर्न आयोजकलाई सुझाब दिएकी थिईन । संघका वरिष्ठ उपाध्यक्ष बिनोद श्रेष्ठले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको सञ्चालन संघका महासचिव उपेन्द्र सुवेदी (राजु) ले गरेका थिए । महोत्सवको मुख्य प्रायोजकमा सगरमाथा ईन्स्योरेन्स कम्पनी लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक सह प्रायोजकको रुपमा रहेको छन् ।

## जनसेवक...

गरे । भेटका क्रममा गुण्टेचौरका स्थानियहरुले उनीप्रति सहानुभुती प्रकट गरे । पहारीले भने आँफु सधै जनताको सेवक बनेर जनताकै साथमा रहन चाहेको सुनाए । 'हिंजो मैले जितेको थिएं, आफुले सक्दो विकास कार्यमा लागें, आज पराजित भएको छु, तर पनि तपाईहरुको साथ छाड्ने छैन'-भेटमा पहारीले भने ।

पहारीले यसो भनिरहँदा उनीहरुले अब बन्ने सरकार तथा जनप्रतिनिधीहरुले जनअपेक्षा अनुसार काम गरेनन् भने उनीहरुलाई दवाव दिनुपर्ने खाँचो औंल्याएका थिए । पहारीले उनीहरु सामु जनआवाज बोल्न आफु कहिल्यै पछि नपर्ने प्रतिवद्धता जनाउँदै फर्किए । आउँदा दिनमा पनि जनतासंगको भेटघाट पातलो हुन नदिने पहारीले बताए । 'म जनसेवक हुँ, जनताको सेवा मेरो पहिलो कर्म हुने छ, मेरो स्वभाव यस्तै हो'-पहारीले भने ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

**सम्पादकीय**

# प्रचण्डको दबाब रणनीति

चुनावी परिणाम सोचे भन्दा फरक आएपछि नेकपा माओवादी केन्द्रले प्रधानमन्त्री दिए सत्तारूढ गठबन्धनमा रहने नभए नेकपा एमालेसँग संवाद अघि बढाउने प्रचार गरेको छ । चुनावी समिक्षा गर्न बसेका माओवादी केन्द्रको पदाधिकारी बैठकमा चुनावको समिक्षा भन्दा सत्ता बाँडफाँडमा केन्द्रीत भएको छ। सत्ता गठबन्धनलाई कायम राख्दै कांग्रेस नेतृत्वमा सरकार बनाउन प्रधानमन्त्री शेर बहादुर देउवाले दुत परिचालन गरेका छन। काङ्ग्रेसको आन्तरिक सत्ता चलखेल बढेपछि प्रधानमन्त्री एवं सभापति देउवाले सकृयता बढाएका छन । काङ्ग्रेसलाई काउण्टर दिन प्रचण्डले अपर्झट पदाधिकारीको बैठक बोलाएर काङ्ग्रेसलाई दबाब दिएका छन ।

शनिबार अपरान्ह पार्टी केन्द्रिय कार्यालय पेरिसडाँडामा बसेको पार्टी पदाधिकारी बैठकमा सरकार गठनको विकल्पमा माओवादी केन्द्रले छलफल गरेर ध्यान आफुतिर खिचेको छ । सत्तारूढ गठबन्धनभित्र प्रधानमन्त्रीका लागि दबाब बढाउन पनि सरकार गठनका सबै विकल्पमा छलफल गर्नुपर्ने मत नेताहरूले राखेका छन। माओवादीको पहिलो प्राथमिकता सत्तारूढ गठबन्धन नै हो । त्यहाँ प्रधानमन्त्रीको दावी गर्नुपर्छ भन्ने मत रहेको छ। नभए एमालेसँग मिलेर पनि सरकार बनाउन केही नेता खटिएका छन ।

निर्वाचन लगत्तै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई टेलिफोन गरेर आगामी रणनीतिका बारेमा छलफल गर्न प्रस्ताव गरेका थिए । दुई अध्यक्षबीचको टेलिफोन कुराकानी प्रचण्डको सचिवालयबाट मिडियामा लगेर सत्ता गठबन्धनमा बार्गेनिङको माध्यम बनाएको भन्दै प्रचण्डसँग एमालेका नेताहरू रूष्ट छन् । त्यसयता माओवादी र एमालेका नेताहरूबीच शीर्ष तहमा संवाद भएको छैन । माओवादी केन्द्रले शनिबारको बैठकबाट भने एमालेसँग संवादको ढोका खोलेको छ । बैठकले सरकार गठनको सबै विकल्प खुल्ला गरेको पार्टी उपाध्यक्ष कृष्णबहादुर महराले जानकारी गराएका छन । माओवादी केन्द्रको नेतृत्वमा सरकार बनाउनका लागि एमालेसँग पनि छलफल गर्न सकिने उनको भनाई छ ।

‘गठबन्धन छोडने निर्णय गरिएको छैन । र, अन्य विकल्प पनि खुला राखिएको छ। विभिन्न विकल्पमा जान सकिन्छ। तर, पुरानो गठबन्धनलाई छोडने, तोडने निर्णय पनि गरिएको छैन’, महराको भनाइले दुवैतर्फ दबाब पुर्याउन खोजेको छ। नेकपा (माओवादी केन्द्र)ले मंसिर ४ मा भएको चुनावबाट संघमा अपेक्षाकृत सीट प्राप्त नभएको प्रारम्भिक समीक्षा गरेको छ । अपेक्षा गरिएअनुसार संघमा सिट हासिल गर्न सकिएन भन्ने समिक्षा गरेको छ । समग्रमा चुनावको सबै परिणाम आएपछि मात्रै गर्ने पूर्ण समीक्षा होला । काङ्ग्रेस र एमालेसंग संवादमा रहेका नेताहरूको राय बुझ्रेर सोमबार अपरान्ह २ बजे बस्ने गरी पदाधिकारी बैठक बोलाएको छ। उक्त बैठकमा आगामी रणनीतिका बारेमा विस्तृतमा छलफल गर्ने र सत्ताको नेतृत्व गर्ने कि देउवाको सहयोगी बन्ने स्पष्ट हुनेछ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# घर्मेली पौडेल बन्धुको कुल पुजा हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ मंसिर**

पोखरा महानगरपालिका वडा नं १९ घार्मीमा मुल थलो भई देशका विभिन्न भागमा बसोबास गर्ने पौडेल बन्धुको कुल पुजा यहि मंसिर २२ गते हुने भएको छ।

पोखरा १९ घार्मीको देउतीपुज्नेमा रहेको कुल मन्दिरमा चण्डी पुर्णिमाको दिन बिधी पुर्वक पुजा आजा गरी कुल देवताको आराधना गरिने कुल पुजा व्यवस्थापन समितिका सदस्य लिला पौडेलले जानकारी दिनुभयो।सोही दिन कुल मन्दिरको समेत उद्घाटन गरिने बताइएको छ । पुजालाई व्यवस्थित रूपमा सम्पन्न गर्न समितिले तयारी अन्तिम चरणमा पुगेको जनाएको छ। कुल पुजा तयारी स्वरुप गठन गरिएका विभिन्न उपसमितिले तयारी तिव्र बनाएको र पुजालाई व्यवस्थित बनाउन कुनै कसर बाँकी नराख्ने समितिका सदस्य कृष्ण प्रसाद पौडेलले बताउनुभयो।

कुल मन्दिर परिसरमा सरसफाई, पत्राचार, शिलालेखन लगायतका कार्य अन्तिम चरणमा पुगेको समितिका उपाध्यक्ष बलराम पौडेलले जानकारी दिनुभयो।२० गते बाट नै चोखोनितो गरी पुजाको शुरुवात गरिने पौडेलले बताउनुभयो । परम्परा देखि नै पौडेल बन्धुले पुजा गर्दै आइरहेको उक्त स्थानलाई स्थानीयको सहयोगमा व्यवस्थित बनाईएको छ।

घार्मी लगायत विभिन्न ठाउँमा छरिएर रहेका पौडेलहरूले प्रत्येक ५/५ वर्षमा कुल पुजा गर्दै आइरहेका छन्।

# विश्वकप फुटबल : पोर्चुगल र दक्षिण कोरिया नकआउट चरणमा प्रवेश

**रासस**
**काठमाडौं, १७ मंसिर**

फिफा विश्वकप फुटबल २०२२ अन्तर्गत समूह एचको खेलमा पोर्चुगल र दक्षिण कोरिया अन्तिम १६ मा प्रवेश गरेका छन् ।

कतारको एजुकेसन सिटी स्टेडियममा शनिबार भएको समूहको निर्णायक खेलमा दक्षिण कोरियाले पोर्चुगललाई २-१ गोलअन्तरले पराजित गर्दै विजयी भएको हो। यस खेलसँगै पोर्चुगल समूह विजेता र दक्षिण कोरिया उपविजेता बन्दै अन्तिम १६ मा प्रवेश गरे ।

खेलको पाँचौं मिनेटमा रिकार्डो होर्टाले गोल गर्दै पोर्चुगललाईअ अग्रता दिलाए । त्यस्तै खेलको २७औं मिनेटमा कोरियाका किम योङ जीओनले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए ।

पहिलो हाफसम्म एक-एक गोलको बराबरीमा सकिएको खेलमा दोस्रो हाफमा कोरियाले एक गोल थप्दै दक्षिण कोरियाको जीत सुनिश्चित गर्‍यो । खेलको दोस्रो हाफको अतिरिक्त समयमा ह्वाङ हिचेनले गोल गरेपछि कोरियाले पोर्चुगलमाथि २-१ को जित निकाल्यो । यसैबीच आजै भएको समूह एचको अर्को खेलमा उरुग्वे घानालाई २-० गोलअन्तरले विजयी भएको छ । घानाले खेलको १७औं मिनेटमा पेनाल्टीमार्फत् अग्रता लिने अवसर पाएको थियो। तर कप्तान आन्द्रे आयुको पेनाल्टी उरुग्वेका गोलरक्षक सर्जियो रोसेटले बचाए। रोसेटले पेनाल्टी क्षेत्रभित्र मोहमद कुडुसलाई लडाएपछि घानाले भिएआरको माध्यमबाट पेनाल्टी पाएको थियो ।

त्यस्तै उरुग्वेले खेलको २६औं मिनेटमा अग्रता लियो । नजिअर्जिअन डे अरासेटाले गोल गर्दै उरुग्वेलाई पहिलो अग्रता दिलाएपछि खेलको ३२औं मिनेटमा अरासेटाले व्यक्तिगत दोस्रो गोल गर्दै उरुग्वेको जित सुनिश्चित गरे । खेलमा लुइस सुआरेजले दिएको पासलाई सदुपयोग गर्दै अरासेटाले गोल गरे । यससँगै समूह एचबाट घाना र उरुग्वे प्रतियोगिताबाट बाहिरिएका छन् । त्यस्तै यस नतिजासँगै पोर्चुगलले तीन खेलमा ६ अङ्क जोड्दै समूहको पहिलो स्थानमा रह्यो भने समान तीन खेल नै खेलेको दक्षिण कोरिया र उरुग्वेले ४-४ अङ्क साथ दोस्रो र तेस्रो स्थानमा रहे । दुवैको गोलअन्तर शून्य भए पनि बढी गोल गरेको आधारमा कोरिया अन्तिम १६ मा पुगेको हो । कोरियाले ४ गोल गर्दा उरुग्वेले २ गोल गरेको थियो । घानाले तीन अङ्क जोड्दै चौथो स्थानमा रहयो ।

# मनाङमा शून्य लैङ्गिक हिंसा

**रासस**
**मनाङ, १७ मंसिर**

हिमाली जिल्ला मनाङमा चालु आर्थिक वर्षको पहिलो चौमासिकमा लैङ्गिक हिंसाको उजुरी परेको छैन ।

प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यका अनुसार साउनदेखि हालसम्म कुनै पनि लैङ्गिक हिंसाका मुद्दा परेका छैनन् । गत आर्थिक वर्षमा भने जिल्लामा तीन मुद्दा दर्ता भएका थिए। लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानअन्तर्गत जिल्ला प्रशासन कार्यालयद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रजिअ आचार्यले लैङ्गिक हिंसाका उजुरी कम पर्ने जिल्लाको रूपमा मनाङ पर्ने जानकारी दिनुभयो । “यहाँ महिलाप्रधान समाज छ। गाउँमा घटेका कतिपय घटना गाउँघरमै मिलाउनुपर्छ भन्ने मान्यता छ”, उहाँले भन्नुभयो ।

प्रहरी नायव उपरीक्षक प्रेम सागर केसी गाउँमै मिलापत्र गर्ने र नसक्ने अवस्थामा मात्रै प्रहरीलाई गुहार्ने गरिएको बताउनुहुन्छ । “प्रहरीसम्म उजुरी एकदमै न्यून आउने गरेको छ”, उहाँले भन्नुभयो । कतिपय घटना समाजमै लुकेर रहने उहाँको भनाइ छ । समय समयमा यस्ता घटना उजागर गर्न, पीडितलाई न्याय, पीडकलाई कानुनी दायरामा ल्याउन प्रहरीले सचेतनाको कार्यक्रम गर्दै आएको छ ।

कार्यक्रमका सहभागीले जिल्लामा हिंसाका घटना सार्वजनिक हुन नसकेको अवस्था रहेकाले चेतना अविवृद्धिको खाँचो रहेको औंल्याएका थिए ।

# ‘आभ्या स्याटर्डे मार्केट’मा उपभोक्ता बाक्लिंदै

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ मंसिर**



पोखराको घारिपाटनस्थित आभ्या क्लवले शुरु गरेको ‘आभ्या स्याटर्डे मार्केट’ मा सहभागिहरुको संख्या बढ्दै गएको छ।

पोखरा र आसपासका घरेलु उत्पादनको बजारिकण गर्दै उत्पादित सामान सिधै ग्राहक समक्ष पुर्‍याउने उद्येश्यका साथ सञ्चालित मार्केटमा स्टल राख्ने व्यवसायी तथा उपभोक्ताहरुको उपस्थिती बाक्लिंदै गएको हो । गत हप्तादेखि क्लव परिषरमा यो मार्केट शुरु भएको थियो । परम्परागत रुपमा सञ्चालन हुने ‘हार्ट बजार’ कै कन्सेप्टमा शुरु गरिएको आभ्या मार्केटमा पोखरा र वरपरका कृषी उत्पादन फलफुल, तरकारीदेखि मोटरसाइकल सम्मका स्टलहरु रहेका छन् । रेष्टुरेण्ट, क्याफेका बेकरी आइटमदेखि सेलरोटी, तरकारी तथा नर्सरीका सामान पनि यो मार्केटमा पाइने आभ्या क्लवका निर्देशक किरण केसीले जानकारी दिए । मार्केटका खाल्सेका सुन्तलादेखि लोमाङथानको आलुका स्टल थिए।

उच्च हिमाली क्षेत्र लोमाङथानको आलुको स्टल उपभोक्ताको रोजाइमा पर्दा व्यापारी छिमी लामा दंग थिए । ‘बाहिर पाउने भन्दा केहि सुपथ मुल्यमा बेचेको छु, हिमालको आलु उपभोक्ताले रुचाउनुभयो’- उनले भने। क्लवले हरेक शनिबार विहान ८ बजेदेखि दिउँसो १ बजे सम्म यहाँ यो मार्केट सञ्चालन गर्दै आएको क्लवका निर्देशक निरोज लामाले जनाए। हप्ताको एक पटक सञ्चालन हुने यो बजारमा जो केहिले पनि स्टल राख्न पाउने लामाको भनाई छ । ‘यो हाम्रो प्रयास हो, व्यवसायीहरुले ग्राहकलाई आकर्षित गर्न सक्नुभयो भने बजार पक्कै लामो समय सम्म चल्ने छ’-लामाले भने।

# आरजूलाई युआरएल पत्रकारिता पुरस्कार

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ मंसिर**

युआरएल पत्रकारिता पुरस्कार २०७९ पत्रकार आरजू विष्ट सल्यानीलाई प्रदान गरिने भएको छ।

गण्डकी प्रदेशकै पहिलो रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरी(युआरएल)ले स्थापना र सञ्चालन गरेको यो पुरस्कारको राशि नगद २० हजार र ताम्रपत्र छ । नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य त्रिभुवन पौडेल संयोजक र डा सुरेश पौडेल र पत्रकार वासुदेव मिश्र सदस्य रहेको प्रतिभा छनोट समितिले सल्यानीलाई पुरस्कृत गर्ने निर्णय गरेको हो । २ दशकभन्दा बढीदेखि पत्रकारिता क्रियाशील सल्यानी रेडियो अन्नपूर्ण र सफल आवाज डटकममा आवद्ध छन्।गीतकार/गजलकारको रुपमा समेत चर्चित उनी फाइन आर्टमा पनि रुचि राख्छन्। यही मंसिर २३ गते युआरएलको वार्षिकोत्सव समारोहमा पौडेललाई पुरस्कार अर्पण गरिने युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्तले जानकारी दिए। सित्तैमा १ सय ३० शिविर सञ्चालन गरिसकेको युआरएलले जनतालाई स्वास्थ्यबारे सचेत बनाउने पत्रकारलाई पुरस्कृत गरी वार्षिकोत्सव मनाउँदै आएको उनले बताए । यसअघि यो पुरस्कारबाट पत्रकारहरु ऋषि खतिवडा, यदुनाथ वञ्जारा, सुरेन्द्र पौडेल, प्रदीप पौडेल र हरि बास्तोला सम्मानित भइसकेका छन्।

# प्रदेश खेलकुद परिषद गण्डकीमा अभिमुखीकरण तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ मंसिर**



प्रदेश खेलकुद परिषद गण्डकीमा एक दिने अभिमुखीकरण तालिम सम्पन्न भएको छ।

प्रदेश खेलकुद परिषदका सदस्य र जिल्ला खेलकुदका अध्यक्ष तथा पदाधिकारीहरुलाई लक्षित गरी एक दिने अभिमुखीकरण तालिम आयोजना गरिएको हो । अभिमुखीकरण तालिममा जिल्ला जिल्लामा खेलकुदको सक्रियता र चलायमान बनाउने संगै नवौंमा प्राप्त सफलताले खेलाडीहरुमा नयाँ जागरण आएको सहभागिहरुले बताएका छन् । सो अवसरमा बोल्दै प्रदेश खेलकुदका सदस्य सचिव घनश्याम पौडेलले प्रदेशको खेलकुद विकासका लागि तालिम प्रभावकारी रहने बताउँदै खेलकुदको जग बलियो बनाउन सबैको उत्तिकै प्रभावकारी भूमिका हुनुपर्ने कुरामा जोड दिए।

खेलकुदमा सुशासन पहिलो दायित्व रहने बताउँदै सदस्य सचिव पौडेलले जिल्ला खेलकुदको भूमिका लाई अझै प्रभावकारी बनाउन परिषदल आर्थिक वर्ष २०७९/०८०मा बजेट समेत विनियोजन गरिएको बताए । जिल्ला खेलकुदहरुको कार्यालय व्यवस्थापन, लेखा प्रणाली र जिन्सीहरुको अभिलेख र प्रमाणीकरणमा स्पष्टता भएमा मात्र खेलकुदको जग बलियो बन्न सहज वातावरण बन्ने उनको भनाई थियो ।

कार्यक्रममा प्रदेश खेलकुदका कार्यकारी सदस्य दिल बहादुर गुरुङले नवौं राष्ट्रिय खेलकुदमा प्रदेश खेलकुद गण्डकीले प्राप्त गरेको सफलताले गौरवको अनुभुती भएको बताउँदै प्रदेशका सबै जिल्लाहरुले प्राप्त बजेटहरुको समुचित प्रयोग र व्यवस्थापन आवश्यक्ता रहेको बताए । सो अवसरमा परिषदका लेखा प्रमुख निलकण्ठ ढकालले जिन्सी र लेखा प्रणालीलाई व्यवस्थित बनाउने बारे प्रशिक्षण प्रदान गरेका थिए । यसै विच प्रदेश खेलकुद परिषद गण्डकीले नवौं राष्ट्रिय खेलकुदमा पदक विजेताहरुलाई आइतबार पोखरा रंगशालामा एक कार्यक्रमका विच नगद सहित सम्मान गर्ने भएको कार्यालय प्रमुख टोपलाल भुसालले जानकारी दिएका छन् । गण्डकी प्रदेशका यूवा तथा खेलकुद मन्त्री राजिव गुरुङको प्रमुख आतिथ्यतामा पोखरा रंगशालामा आयोजना हुने उक्त कार्यक्रममा खेलाडी, प्रशिक्षक, व्यवस्थापक र खेल संघहरुलाई नगद सहित सम्मान गर्न लागिएको हो ।

गत असोज २८ देखि कार्तिक ३ गते सम्म गण्डकी प्रदेशमा सम्पन्न नवौं राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेश ३२ स्वर्ण, ३१ रजत र ७६ काश्य पदकका साथ सातै प्रदेश मध्ये पहिलो स्थान ओगट्न सफल भएको थियो । कार्यकारी सदस्य गुरुङका अनुसार एकलतर्फ स्वर्ण पदक विजेतालाई नगद १८ हजार, रजतलाई १२ र काश्य पदक विजेतालाई ८ हजार प्रदान गरिने छ । त्यसै टिमतर्फ स्वर्ण पदक विजेतालाई नगद ९ हजार जनही, रजततर्फ ६ र काश्य पदक विजेतालाई ४ हजार जनही प्रदान गरिने छ।

त्यसै गरी प्रशिक्षकलाई स्वर्ण, रजत र काश्य पदक विजेतालाई क्रमश १०, ८ र ६ हजार व्यवस्थापकलाई ८, ६ र ४ हजार प्रदान गरिने छ भने खेल संघहरुलाई ४०, ३० र २० हजार प्रदान गरिने छ। गण्डकी प्रदेशबाट पदक विजेता मध्ये २८ खेलका स्वर्ण पदक प्राप्त गर्ने कुल ७२ जना, रजत पदक विजेता ९२ जना र काश्य पदक विजेता १६० जना गरी ३२४ जना सम्मानित हुन लागेका हुन् । त्यसै गरी खेल प्रशिक्षक र व्यवस्थापक गरी ८२ जना र २८ खेलसंघहरु समेत नगद सहित सम्मानित हुनेछन् ।

नवौं राष्ट्रियमा रेकर्ड ब्रेक गर्ने आर्चरी खेलका जागृत गुरुङलाई थप नगद १० हजार सहित सम्मान गरिने छ।

# नेसनल प्याब्सन खेलकुद महोत्सव अर्न्तगत फुटबल सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ मंसिर**

राष्ट्रिय निजी तथा आवासीय विद्‍यालय एसोसिएसन नेपाल (एन प्याब्सन) कास्कीको आयोजनामा शनिबारदेखि पोखरामा फुटवल प्रतियोगिता सुरु भएको छ।

अनौपचारिक रुपमा शनिबार देखि सुरु भएको उक्त खेल अर्न्तगत सिनियर छात्र तर्फ फुटवल तर्फ १३ र जुनियर छात्र तर्फको सेभेन ए साइड फुटवल प्रतियोगिता अर्न्तगत ८ खेल सम्पन्न भएको फुटवल खेल संयोजक राजु केसीले बताए । शनिबार भएको पहिलो खेलमा नेश्नल क्रियसन स्कुलले बड्र्स एकेडेमीलाई पराजित गर्‍यो। त्यसै गरी दोश्रो खेलमा सिद्धार्थ लभडेलले फेवा बोर्डिङलाई, तेश्रो खेलमा न्यू ग्यालेक्सिले रिलायन्स स्कुललाई, चौथो खेलमा कास्की मोडनाइज एकेडेमीले अल्फा बोर्डिङलाई, पाचौं खेलमा इम्यानुअल स्कुलले अन्जुली बोर्डिङ स्कुललाई पराजित गरेको छ।



त्यस्तै श्री रत्न ज्योतिले शान्ति बाटिकालाई, पुष्प सदनले ओम एकेडेमीलाई, एलपी देवकोटाले लेखनाथ मेमोरियललाई, विरेन्द्र मेमोरियलले हीलि माउण्टलाई, समुह बीको डाइमण्ड एकेडेमीले सनराइस बोर्डिङ स्कुललाई, चिल्ड्रेन एकेडेमीले गण्डकी एकेडेमीलाई, हिल साइडले लिभिन रिसिडेण्टललाई, मर्निङ ग्लोरीले बागमारा स्कुललाई पराजित गर्‍यो । त्यसै गरी जुनियर तर्फको पहिलो खेलमा कास्की मोडनाइज एकेडेमीले सिद्धार्थ विनायकलाई पराजित गर्‍यो । दोश्रो खेलमा न्यू ग्यालेक्सिले हिल साइडलाई, तेश्रो खेलमा हेमजा बोर्डिङले चिल्ड्रेस एकेडेमीलाई, बागमारा स्कुलले सिद्धार्थ स्कुललाई, नेश्नल क्रियसनले डाइमण्ड स्कुललाई, गण्डकी एकेडेमीले कान्तिपुर स्कुललाइ लिटिल फ्लावरले सनराइज स्कुललाई र समुह बी तर्फ गोर्खा बोर्डिङले अन्जुली बोर्डिङलाई पराजित गर्‍यो । आइतबार पहिलो तथा दोश्रो चरणका खेलहरु हुने भएको संयोजक केसीले जनाए।

पोखरा रंगशालाको बैकल्पिक फुटवल मैदान र गण्डकी प्रदेश प्रहरी गण ड्यामसाइडमा सिनियर तर्फको फुटवल खेल भयो भने जुनियर तर्फको सेभेन ए साइड फुटवल खेल भद्रकालिको माछापोखरी खेल मैदानमा भएको छ।

प्रतियोगितामा छात्र सिनियर तर्फ ३७ र जुनियर छात्र तर्फको सेभेन ए साइड फुटवल प्रतियोगितामा ३३ टिमको सहभागिता रहेको उनले बताए। मंसिर २३ गतेसम्म पोखरामा संचालन हुने उक्त महोत्सवमा एन प्याब्सनमा आबद्ध ४६ बिद्यालयका करिब ७ हजार खेलाडीहरु सहभागि हुने भएको एन प्याब्सनका अध्यक्ष हेमन्त अधिकारीले बताए।

# लेखनाथ डोजो जुनियर फुल कन्ट्याक्ट कराते च्याम्पियनसिपमा पुरुषतर्फ रोशन र महिलामा पल्लबी नेपालीले जिते स्वर्ण

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ मंसिर**

लेखनाथ क्योकुशिन-कान कराते डोजोले आयोजना गरेको लेखनाथ डोजो जुनियर फुल कन्ट्याक्ट कराते च्याम्पियनमा पुरुष ५० के.जी तर्फ रोशन गुरुङले गौरव थापालाई पराजित गर्दै स्वर्ण हात पार्दा साजन नेपाली र शुभम थापाले कास्यमा चित्त बुझाए।

पुरुष ४५ के.जी तर्फ सम्येक प्रधानले कृष्ण रम्तेललाई पराजित गर्दै स्वर्ण जित्दा अभिशेक पुन र सुबिन श्रेष्ठले कास्य पदक हात पारे । पुरुप ४० के. जी तर्फ बसन्त थापाले युकेश गुरुङलाई स्तब्ध पार्दै स्वर्ण जिते भने किस्मत परियार र आयुष सुनारले कास्यमा चित्त बुझाए । ३५के.जी तौल समुह पुरुष तर्फ अमर थापाले प्रतिक घलेलाई पराजित गर्दै स्वर्ण जिते भने मनोज राना र सञ्जन गुरुङले कास्यमा चित्त बुझाए । ३० केजी तौल समूहमा पुरुष तर्फ शिशिर थापा पहिलो,अगम भुजेल



दोस्रो भए भने रिजस गुरुङ र अनमोल गुरुङले तेस्रोमा चित्त बुझाए। २५ केजी तौल समूहमा एन्स रोका पहिलो रायन नेपाली दोस्रो भने सुलभ बिक र कमल तामाङ तेस्रो भए।

प्रतियोगितामा महिला तर्फको ३० के.जी तौल समुहमा साङ्छु तामाङ लाई पराजित गर्दै प्रिन्स्मा नेपालीले स्वर्ण जित्दा ज्योत्स्ना थापा र क्रिस्टिना गुरुङले कास्यमा चित्त बुझाए । महिला ४० के.जी तर्फ सुहाना श्रेष्ठले दिलमाँया बुढा मगर लाई हराउँदै स्वर्ण पदक हात पार्दा सुवाली श्रेष्ठ र आयुषा पन्थी तेस्रो भए । महिला ५० के.जी तर्फ पल्लबी नेपाली प्रथम हुँदा मन्दिपा के.सी दोस्रो भईन साथै दिप्ती थापा र खुस्बु पुन तेस्रो भए । उक्त कार्याक्रम नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक विजेता खेलाडी महिला ५५ केजी तौल समूहकी धनि रानामगर र ४० केजी तौल समूहका अभिषेक तामाङलाई स्वर्ण पदक विजेता बिजेता भएकोमा सम्मान गरिएको थियो। त्यस्तै ६० केजी तौल समूहका मोसेस कुमाल र ४५ केजी तौल समूहका भाग लिएका नारायण विकले कास्य पदक जितेकोमा सम्मान गरियो ।प्रतियोगिताका सहभागि सरगम कुमाललाई पनि सम्मान गरियो। स्वर्ण पदक लाई २ हजार, कास्य लाई १ हजार पाँच सय र सहभागिलाई १ हजार नगद, खादा र सम्मान पत्रद्धारा सम्मान गरिएको थियो। प्रतियोगितामा विनोद नेगी, मदन केसी, मुना पुन, सम्राज सेन, मसोसे कुमाल, सरगम कुमाल, राजन विक, अषिम गोर्खाली निर्णयकको भुमिकामा थिए।

प्रतियोगितामा ६० जना खेलाडी सहभागी रहेका थिए । कार्यक्रममा पोखरा ३० का वडाध्यक्ष दुर्गा प्रसाद सुवेदीले खेलकुदले अनुशासन सिकाउने र युवालाई कुलतमा फस्नबाट जोगाउने बताए। मानव जिवनमा खेलकुद अपरिहार्य रहेको धारणा राखे । कार्यक्रममा डोजोका सल्लाकार अर्जुन बहादुर बस्नेत र डोजो प्रमुख सुबास खड्काले भनाइ राखेका थिए । डोजोका अध्यक्ष रमेश बहादुर खड्काको अध्यक्षतामा भएको कार्यक्रम सिनियर खेलाडी सुरेशराज अधिकारीले कार्यक्रम संचालन गरेका थिए।

# उडान सहकारी संस्थाको प्रथम बार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ मंसिर**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले देशमा आउन सक्ने आर्थिक संकटलाई टार्न देशका ठुला दलहरु गम्भिर बन्न आग्रह गरेका छन्।

पोखरा ८ न्यूरोडमा रहेको उडान बहुउद्धेश्यीय सहकारी संस्थाको शनिबार पोखरामा सम्पन्न भएको प्रथम बार्षिक साधारण सभाको उद्घाटन गर्दै मन्त्री बरालले उक्त कुरा बताएका हुन् । नेपालमा हाल बैंक तथा वित्तिय क्षेत्रमा देखिएको तरलतालाई देशका ठुला राजनीतिक पार्टीहरुले व्यबस्थापन गर्नुपर्ने मन्त्री बराको भनाई छ । नेकपा माओबादी केन्द्रका केन्द्रिय सदस्य समेत




रहेका मन्त्री बरालले देशमा हाल आएको निर्वाचनको नतिजाले देशमा कुनै पार्टीको पनि स्पष्ट बहुमत नआएकोले देशमा फेरी पनि अस्थिरता हुन सक्ने आशंका व्यक्त गरे।

सहकारीका अध्यक्ष उमाकान्त भुर्तेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंक पोखराका प्रबन्धक नरेस पाण्डे, सहकारीका जेष्ठ सदस्य पुष्पराज बराल लगायतले वोलेका थिए । संस्थाले कृषि, व्यापार, पर्यटन लगायतको क्षेत्रमा लगानी गर्ने भएको सचिव अर्जुन कमुर लामिछानेले बताए।

# राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रबाट गम्भिर हुन नसके नेपाल श्रीलंकाको बाटोमा पुग्न सक्ने - मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ मंसिर**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रबाट गम्भिर हुन नसके नेपाल पनि श्रीलंकाको बाटोमा पुग्न सक्ने बताएका छन्।

पोखरा १० को श्रीबृद्धि बचत तथा ऋण सहकारी संस्थाको शनिबार पोखरा १३ को कसेरी वयरघारीमा सम्पन्न भएको चौधौं बार्षिक साधारण सभाको उद्घाटन गदै मन्त्री बरालले उक्त कुरा बताएका हुन् । नेपालमा उत्पादन कम, उपभोक्ताबादले गर्दा हाल बैंक तथा सहकारीहरुमा समेत पैसा अभाव भएकोले यसलाई समयमै व्यबस्थापन गर्न राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रबाट गम्भिर रुपमा सुधार गर्नुपर्ने अन्यथा श्रीलङका जस्तो आर्थिक संकटमा देश जाने उनको भनाई



थियो । सहकारीको लक्ष्य र उद्धेश्य केन्द्रित हुनुपर्ने बताउदै मन्त्री बरालले सहकारीमा पनि हाल धेरै समस्या आएको दाबी गरे । सहकारी आफै सक्ताको रुपमा हुँदा अराजकता बढ्दै गएको मन्त्री बरालले बताए । एक सहकारी एक उत्पादन भन्ने कुरा आए पनि हाल व्यावहारमा खासै लागु हुन नसकेको उनको भनाई थियो। प्रत्यक्ष नागरिकले राजनीति बुझ्नुपर्ने बताउदै मन्त्री बरालले राजनीति नबुझ्दा मुलुक दुर्घटनामा समेत जानसक्ने जनाए। सबै नितीको माउ नितीको रुपमा राजनीति भएकोले राजनीति बुझ्न आवश्यक भएको उनले जनाए। यसपालीको निर्वाचनले राजनीति स्थायीत्व भन्दा राजनीतिक तरलता हुने जस्तो देखिएको मन्त्री बरालको भनाई थियो।

सहकारीका अध्यक्ष मीन बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा निवर्तमान प्रदेश सांसद गायत्री गुरुङ, सहकारीका सल्लाहकार टिका कार्की, संस्थापक अध्यक्ष प्रा.डा.कृष्ण केसी, उपाध्यक्ष कृष्ण प्रसाद गौतम लगायतले वोलेका थिए।

उक्त सहकारीमा हाल ६ सय ९३ जना शेयर सदस्य रहेको सचिव रामचन्द्र अधिकारीले बताए । आर्थिक बर्ष २०७८/०७९ को असार मसान्तरसम्म संस्थाको शेयर चुक्ता पूंजि ३ करोड ७ लाख ९९ हजार रहेको छ भने निक्षेप १७ करोड ७१ लाख ९६ हजार ७ सय ८० रुपैया रहेको छ । संस्थाले १९ करोड ५७ लाख ८६ हजार ६ सय ९६ रुपैया ऋण लगानी गरेको छ।

# किवी खेतीप्रति जनप्रतिनिधिको आकर्षण

**रासस**
**बागलुङ, १७ मंसिर**

पछिल्लो समय गाउँबाट बसाइँसराइ गरी बजार झर्नेको सङ्ख्या निकै ठूलो छ। सेवा सुविधा खोज्दै स्थानीय सहर बजारतिर झर्न थालेसँगै गाउँ सुनसान बन्दै गएका छन् । गाउँमा भएका युवा पनि विदेश पलायन भइरहेका छन्।

बसाइँसराइ र विदेश पलायनले गर्दा गाउँका खेतीयोग्य जमिन वनमाराले ढाकिँदै गएका छन् तर, बागलुङका निसीखोला गाउँपालिका-४ का लिलाबहादुर घर्तीले भने वनमारा मासेर व्यावसायिक कृषि गरिराख्नुभएको छ । घर्तीले थापागाउँमा सात वर्ष पहिले सुरु गरेको किवी खेतीले अहिले राम्रो उत्पादन दिन थालेको छ। गत स्थानीय तहको निर्वाचनमा निसीखोला-४ का वडासदस्यमा निर्वाचित हुनुभएका घर्ती लामो समय विदेशमा दुःख गरेपछि स्वदेश फर्किएर व्यावसायिक कृषि गर्न थाल्नुभएको हो । कतार र भारतमा एक दशक बिताउनुभएका घर्तीले स्वदेशमै उद्यमी बन्ने योजना बनाएर फर्किएको बताउनुभयो । "विदेशमा सङ्घर्ष धैरै नै गरियो, त्यहाँ गर्ने मेहनत आफ्नै बारीमा, आफ्नै गाउँठाउँमा गरेपछि राम्रो कमाइ गर्न सकिन्छ भन्ने सोचले फर्किए, गाउँ आएर बाँझो जग्गामा फलफूल खेती सुरु गरे, अहिले विस्तारै प्रतिफल दिन थालेको छ", घर्तीले भन्नुभयो। उहाँले विदेशबाट फर्किएपछि सुरुमा परीक्षणका लागि १० वटा किवीका बिरुवा लगाएको भन्दै परीक्षण सफल भएपछि यसको खेती विस्तार गरेको बताउनुभयो । उहाँले अहिले १५ रोपनीभन्दा बढी क्षेत्रफलमा किवी खेती विस्तार गर्नुभएको छ । आगामी वर्ष थप ६५ रोपनी क्षेत्रफलमा किवी रोप्ने योजना बनाएको उहाँ बताउनुहुन्छ । "किवी बहुउपयोगी फल हो, नेपालमा यसको माग विस्तारै बढ्दै छ, विदेशमा भने निकै पहिलेदेखि यसको उत्पादन भएको पाइन्छ, सुरुमा मेरो गाउँमा हुन्छ कि हुँदैन भनेर परीक्षणका लागि थोरै बिरुवा लिएर रोपे, राम्रो हुँदै गयो, अब यसको खेती बढाउँदै जाने तयारीमा छु", उहाँले भन्नुभयो, "काम कहिल्यै पनि सानो ठूलो हुँदैन, गरे जे पनि सम्भव हुँदो रैछ।" घर्तीको बारीमा अहिले किवीका एक सय बोट छन्। ती सबैले फल दिन थालेको उहाँको भनाइ छ। यस वर्ष तीन हजार पाँच किलो किवी बेचेको उहाँले बताउनुभयो । एक किलोको रु तीन सय ५० देखि चारसम्म पार्ने घर्तीले एक सिजनमा मात्रै रु १० लाख बढीको किवी बिक्री गरेको बताउनुभयो । किवी बिक्रीका लागि समस्या नभएको भन्दै यसको मागअनुसारको उत्पादन गर्न नसकेको उहाँको भनाइ छ।

जिल्लाको काठेखोला-७ का वडाध्यक्ष प्रेम लामिछानेले पनि पाँच वर्षदेखि किवी खेती गर्दै आउनुभएको छ। अध्यक्ष लामिछानेले परीक्षणकै क्रममा पनि राम्रो उत्पादन भएको बताउनुभयो। उहाँले अहिले आफ्नो बारीमा दुई दर्जन बढी किवीका बोट रहेको भन्दै सबैले उत्पादन दिएको बताउनुभयो।

अध्यक्ष लामिछाने भन्नुहुन्छ, "पछिल्लो समय केवी खेती गर्ने कृषक बढ्दै गएका छन्, पहिले यो फलको खेती निकै कमले मात्र गरेको पाइन्थ्यो, मैले पनि ट्रायलका रूपमा लगाएको राम्रो भएको छ, यसको बजार पनि राम्रो छ, अरुको जस्तो समस्या छैन ।" उहाँले यस वर्ष पाँच सय किलो किवी बिक्री गरेको बताउनुभयो । थोरै बोटबाट पनि एक सिजनमा रु डेढ लाख आम्दानी भएको अध्यक्ष लामिछानेको भनाइ छ । उहाँले किवी खेतीका लागि अरु फलफूललाई जस्तो झण्झट गर्न नपर्ने बताउनुभयो । एक पटक लगायो भने ५० औं वर्षसम्म फल दिन सक्ने उहाँको भनाइ छ।

"अहिले गाउँ-गाउँमा कृषकले किवी लगाउन थालेका छन्, यसको खेती गर्न धेरै गाह्रो छैन, सुरुमा लगानी गरियो भने वर्षौंसम्म लगानी गर्न पर्दैन, फल दिन थाल्यो भने आम्दानी हुन थाल्छ, कृषकले यसको खेती गर्न थाले भने छोटो समयमै राम्रो आम्दानी गर्न सक्छन्", उहाँले भन्नुभयो। बडिगाड गाउँपालिकाका पूर्वअध्यक्ष मेयरसिंह पाइजाले २०५८ सालदेखि किवी खेती गर्दै आउनुभएको छ। पाइजा जिल्लामै किवी खेती गर्ने पहिलो किसानमध्येमा पर्नुहुन्छ । उहाँले करिब ४० रोपनी क्षेत्रफलमा किवी खेती गरेको जानकारी दिनुभयो । यस वर्ष पाँच लाखभन्दा बढीको किवी बिक्री गरेको उहाँको भनाइ छ।

# सकियो न्वागी मेला: भलिबलको उपाधि कालिकालाई

**पोखरापत्र संवाददाता**
**बागलुङ, १७ मंसिर**

बागलुङको बडिगाड गाउँपालिकामा जारी प्रसिद्ध न्वागी मेला सकिएको छ।

मेलामा आयोजना गरिएको सर्वाधिक पुरस्कार राशिको भलिबल प्रतियोगिताको उपाधि कालिका ट्रेनिङ सेन्टर वामी गुल्मीले जितेको छ।

मङ्सिर १० गतेदेखि सुरु भएको न्वागी मेलामा आयोजना गरिएको भलिबल प्रतियोगितामा बडिगाड-६ छिसफाटलाई २५-१९, १७-२५, २५-२३, २२-२५ र १६-१४ को सेटमा पराजित गर्दै कालिकाले उपाधि जितेको हो । कालिका ट्रेनिङ सेन्टर वामीले रु एक लाख ११ हजार १११, कप मेडल र प्रमाणपत्र हात पार्‍यो भने उपविजेता बडिगाड-६ छिसफाटले ८८ हजार आठ सय ८८ कम मेडल र प्रमाणपत्रमा चित्त बुझायो।


**त्रिभुवन विश्वविद्यालय**
**वन विज्ञान अध्ययन संस्थान**
**पोखरा क्याम्पस, पोखरा**

**१. डोम टेण्ट सप्लाई गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

यस क्याम्पसका लागि फिल्डमा प्रयोग गर्ने गुणस्तरीय २० थान (६' x ८.५' साइजका) डोम टेण्ट आवश्यक भएको हुँदा भ्याट बाहेक रु. ५,६०,०००।- मा नबढाई टेण्ट सप्लाई गर्न इच्छुक, कालो सूचीमा नपरेका आधिकारिक ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७९/०९/०१ गतेभित्र रीतपूर्वकको शीलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

विस्तृत जानकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला।

**क्याम्पस प्रमुख**